# लैंगिक हिंसा र कानुनी प्रावधान

## पृष्ठभुमि :

लैगिक समानता भन्नाले महिला र पुरुष विच समान अधिकार, समान अवसर र पहुंच, लाभको समान बाँडफाँड, समान व्यवहार, व्यक्तिगत स्वतन्त्रता, आत्मनिर्णय तथा छनौटको स्वतन्त्रता, समान सहभागिता, बैबाहिक अधिकार, महिला स्वास्थ्य तथा प्रजनन अधिकार, आर्थिक, सामाजिक, नागरिक तथा राजनितीक अधिकार, न्यायमा पहुच, महिला तथा बालिका विरूद्द हुने हींसाको अन्त्य तथा समाज पहुचको लागि विषेशाधिकारको ग्यारेण्टी हुने अवस्थालाई बुझिन्छ ।

हिंसा भन्नाले कसैको सार्वजानिक वा निजी जीवनमा लैंगिकताको आधारमा शारिरिक, मानसिक, आर्थिक, यौनजन्य, सामाजिक, घरेलु हिंसा लगायतको कार्यद्धारा कुनै व्यक्तिलाई क्षति वा पिडा हुने कार्य वा विभेदजन्य कार्य भन्ने बुझिन्छ । विशेष गरि महिला तथा बालिका विरूद्द हुने हिंसाहरू लैगिक हीसा हुन् ।

लैंगिक हिंसा सामाजिक अपराध हो । लैंगिक हिंसा राष्टिय तथा अन्तराष्टिय स्तरमै चुनौतीको विषय बनेको छ । लैंगिक हिंसा अन्त्यका लागि अन्तराष्टिय स्तरमा विभिन्न कानुन, निती निर्देशनहरु तय भएका छन् भने नेपालले पनि आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ । लैंगिक हिंसा अन्त्यका लागि नेपाल पक्ष रहेको विभिन्न अन्तराष्टिय कानुनहरु, नेपालको संविधान, मुलुकी फौजदारी संहिता ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, छाउपडी प्रथा उन्मुलन निर्देशिका २०६४ , श्रम ऐन २०७४, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रा) ऐन २०६४, बोक्सी आरोप (कसुर र सजाय) ऐन २०७२, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लगायत नेपालमा विद्यमान कानुनहरुले विभिन्न व्यवस्था गर्नुका साथै सरकारको निती नियममा पनि विभिन्न व्यवस्था गरि कार्यक्रमहरु घोषणा गरिएका छन् । तसर्थ लैंगिक हिंसा अन्त्य गर्नु सबैको कर्तव्य हो ।

## लैंगिक हिंसासंग सम्बन्धित केहि मुख्य कानुनी व्यवस्थाहरु

### १) भेदभावजन्य कार्य :

कुनै व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्ता अन्य कुनै आधारमा विभेदपूर्ण व्यवहार गरेमा भेदभावजन्य कार्य गरेको मानिन्छ ।

**भेदभावजन्य कार्य गरेमा हुने सजाय :**

- कानुन बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले भेदभाव गरेमा भेदभावपूर्ण व्यवहार गर्ने अधिकारीलाई तीनवर्षसम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ । यस्तो भेदभाव भएमा पिडितले सम्बन्धित जिल्ला अदालतमा जहिलेसुकै मुद्दा दर्ता गर्न सक्छ ।
- वस्तु वा सेवा खरिद बिक्री वा वितरण गर्दा भेदभाव गर्नु हुदैन । यस्तो भेदभाव गरेमा गर्ने व्यक्तिलाई एकवर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।
- कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न हुदैन । यस्तो व्यवहार गर्ने व्यक्तिलाई पाँचवर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।
- महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्ने वा सोही विषयमा अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा

अमानवीय व्यवहार गर्न गराउन हुदैन । यस्तो व्यवहार गरे वा गराएमा तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ । राष्ट्रसेवकले कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुन्छ ।

उजुरी दिने निकाय : प्रहरी कार्यालय वा एक वर्ष भन्दा कम कैद सजाय हुने विषयको स्थानिय निकायमा पनि उजूरी दिन सक्नेछ ।

## २) बिबाह सम्बन्धि व्यवस्था :

बिबाह भनेको कम्तीमा बीस वर्ष उमेर पुगेका पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक कार्यक्रम वा अन्य कुनै कार्यबाट वा अदालतमा बिबाह दर्ता गरि एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ ।

- **बाल बिबाह गर्न नहुने** : कानुन अनुसार बिबाह गर्ने उमेर २० वर्ष हो , बीस वर्ष भन्दा कम उमेरमा बिबाह गरे गराएमा बालबिबाह गरेको मानिन्छ । २० वर्ष भन्दा कम उमेरमा बिबाह गराउनेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने र त्यस्तो विवाह स्वतः बदर हुन्छ।
- **मंजूरी बिना बिबाह गर्न नहुने :** बिबाह गर्ने व्यक्तिको मंजूरी बिना बिबाह गराउनु हुदैन । मञ्जूरी विना भएको विवाह बदर हुन्छ । बीसवर्ष उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जूरीलाई मञ्जूरी मानिदैन । मंजूरी बिना बिबाह गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।
- **हाडनातामा बिबाह गर्न नहुने** : कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता भित्र जानीजानी विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय भई त्यस्तो विवाह स्वतः वदर हुने। विवाह थाहा नपाई भएकोमा त्यस्तो विवाह बदर हुन्छ।
- **बिबाहमा (दाईजो लगायत) लेनदेन गर्न नहुने** : विवाहमा कुनै दाईजो वा सम्पत्ती लेनदेन गर्न हुदैन, गर्ने व्यक्तिलाई तीनवर्षसम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ । विवाह गरी सकेपछि सम्पत्ति वा दाइजो माग गर्ने र सो नदिएको कारणले दुलही वा नातेदारलाई हैरान पार्ने, सताउने वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्ने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ। यदि कसैले सम्पत्ति लिएको रहेछ भने सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्ने कानुनी व्यवस्था छ।
- **बहुबिबाह गर्न नहुने** : सम्बन्ध विच्छेद वा अंश बण्डा गरि छुट्टीएर बसेकोमा बाहेक बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को बिबाह गर्नु हुदैन गरे गराएमा बहुबिबाह भएको मानिन्छ । बहुविवाह गर्ने गराउने व्यक्तिलाई एकवर्षदेखि पाँचवर्षसम्म कैद र दशहजाररुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुन्छ। बहुविवाह स्वतः बदर हुन्छ।
- **उजूरी गर्ने अवधी** : यसमा लेखिएको कसूर भए गरेको कुरा थाहा पाएको मितिले तीनमहिना भित्र उजूर गनुपर्छ ।
- **उजुरी गर्ने निकाय** : यस विषयमा प्रहरी कार्यालयमा उजूरी गर्नुपर्दछ ।

## ३) ज्यान लिने सम्बन्धि हिंसा सम्बन्धि व्यवस्था :

- कसैलाई बलत्कार गरि मार्नु जघन्य अपराध हो । बलत्कार पछि कसैको ज्यान मारेमा आजिवन कारावासको सजाय हुन्छ ।
- कुनै हिंसाजन्य कार्य गर्दा मृत्यु भएमा ज्यान मारेको सजायका साथै हिंसा गरेको सजाय पनि थप हुन्छ ।

- **आत्म हत्या गर्ने परिस्थिती सृजना गर्न नहुने :** कुनै व्यक्ति स्वयंले आफ्नै ज्यान लिएमा आत्महत्या भनिन्छ । तर कसैले कसैलाई आत्महत्या गर्न उक्साउन, प्रेरित गर्न वा आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन । यस्तो कार्य गर्ने व्यक्तिलाई पाँचवर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुन्छ । साथै यस प्रकारको कसूरबाट कसैको जिउ, ज्यान वा सम्पत्तिमा हानि, नोक्सानी वा क्षति भएमा कसूरदारबाट पीडित व्यक्ति र निज नभए निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराइदिनुपर्दछ । त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना भित्र प्रहरीमा उजुर गर्नु पर्दछ ।

## ४) गर्भपतन सम्बन्धि व्यवस्था :

गर्भपतन भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रुपमा जन्मन सक्ने अवस्था अगावै गर्भाशयबाट भ्रुण बाहिर निकाल्ने मनसायले गरिने कार्यलाई गर्भपतनको कसूर भनिन्छ । गर्भपतन गराउदा बच्चा मरेको जन्मेमा वा जिउँदो जन्मी बच्चा तत्काल मरेमा पनि गर्भपतन गराएको मानिन्छ । कानुन बमोजिम बाहेक गर्भपतन गर्न गराउन पाईदैन । कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा जानी जानी गर्भपतन गराउन हुँदैन । यसरी गर्भपतन गर्ने वा गराउने व्यक्तिलाई गर्भको अवधी हेरि कम्तीमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना देखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुन्छ । जिउदो बच्चा जन्मी मारेमा वा फालेमा जन्मकैदको सजाय हुन्छ ।

तर देहायको अवस्थामा मान्यताप्राप्त चिकित्सकको सहयोगमा गर्भवती महिलाको मंजूरीले गर्भपतन गराउन सकिन्छ :

**गर्भपतन गराउन सक्ने अवस्था :**

- गर्भवती महिलाको मञ्जूरीले बाह्र हप्तासम्मको गर्भपतन गराएकोमा,
- गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जूरीले गर्भपतन गराएकोमा,
- जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जूरीले गर्भपतन गराएकोमा,
- रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जूरीले गर्भपतन गराएकोमा ।

हदम्याद : गर्भपतन सम्बन्धिको कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना भित्र प्रहरीमा उजुर गर्नुपर्दछ ।

गर्भमा रहेको भ्रुणको लिंग पहिचान गर्न नहुने :

- गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेमा संलग्न सबै व्यक्तिलाई तीन महिनादेखि छ महिनासम्म कैद सजाय हुन्छ ।

गर्भमा रहेको भ्रुणको लिंग पहिचान गरि गर्भपतन गर्न नहुने :

- लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई गर्भपतन गराउदा हुने सजायमा थप एक वर्ष कैद सजाय हुन्छ ।

## ५) तेजाव वा अन्य कुनै पदार्थ प्रयोग गरी कुरुप पार्न नहुने सम्बन्धि व्यवस्था : :

- तेजाव वा अन्य रासायनिक, जैविक वा बिषालु पदार्थ प्रयोग गरी कुरुप पारेमा, अनुहार कुरुप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना र अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुर्‍याएमा तीनवर्षदेखि पाँचवर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना हुन्छ ।

- क्षतिपूर्ति : जरिबाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ । साथै उक्त घटनाबाट पिडितको जीउ वा ज्यानमा चोटपटक वा हानि, नोक्सानी भएमा मनासिव क्षतिपुर्ति समेत भराईदिन सक्ने कानुनी व्यवस्था छ ।
- हदम्याद: यस प्रकारको घटना घटेको मितिले एक वर्ष भित्र प्रहरीमा उजूरी गर्नुपर्दछ ।

**६) जर्वजस्ती करणी सम्बन्धि कसूर सम्बन्धि व्यवस्था :**

कसैको मञ्जुरी नलिई करणी गर्नु हुदैन । अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गर्दा मंजुरी लिए पनि जवर्जस्ती करणी गरेको मानिन्छ । तर करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई वा होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिदैन ।

**जवर्जस्ती करणी गरेकोमा हुने सजाय :**

- जवर्जस्ती करणी गर्ने व्यक्तिलाई पिडित महिलाको उमेर अनुसार देहाय बमोजिम कैद सजाय हुनेछ :-

(क) दश वर्षभन्दा कम उमेरकी बालिका भए सोह्र वर्षदेखि बीस वर्षसम्म,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए चौध वर्षदेखि सोह्र वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद ,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म कैद ।

हदम्याद : कसूरमा त्यस्तो कसूर भएको भएगरेको मितिले एक वर्ष भित्र प्रहरीमा उजूरी गर्नुपर्दछ ।

- **पतिले पत्नीलाई जर्वजस्ती करणी गर्न नहुने** : बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।
- **मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ)** भएकोको जर्वजस्ती करणी गर्न नहुने , नियतवश जर्वर्जस्ती करणी गरेमा माथी उल्लेखित सजायमा थप दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।
- **सरुवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज)** भएको थाहा पाउँदा पाउँदै कसैले जवर्जस्ती करणी गरेमा थप तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना ।
- **सामुहिक रुपमा बलत्कार गरेमा :** सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गर्दा हुने सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनेछ ।
- **हाडनातामा जर्वजस्ती करणी गरेमा :** कसैले बिबाह गर्न नहुने नाता वा सात पुस्ता सम्मको हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा जन्मकैद देखि एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार ?पैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबानाको सजाय हुन्छ । यस्तो कसुरमा पिडितले जहिलेसुकै प्रहरीमा उजूरी गर्न सक्छ ।
- **थुनामा रहेको व्यक्तिसँग करणी गर्नेलाई** तीनवर्षसम्म कैद सजाय र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुनेमा सो सजायमा यस दफा बमोजिमको सजाय थप हुने ।
- **आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्नेलाई** तीन वर्षसम्म कैद सजाय र त्यस्तो करणी यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुनेमा सो सजायमा यस दफा बमोजिमको सजाय थप हुन्छ ।

- **वालयौन दुरुपयोग गर्नेलाई** तीनवर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था छ। अठार वर्ष मुनिको बालबालिकाको मंजूरीलाई मानिने छैन।
- **कार्यस्थलमा वा सेवाग्राहीसंग करणी गर्न नहुने :** कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्नेलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुन्छ। यस्तो कसुरमा जर्वजस्ती करणीमा हुने सजायका साथै श्रम ऐन २०७४ को दफा १३२ (२) बमोजिम सेवाबाट हटाउन सकिने समेत व्यवस्था रहेकोछ। यस ऐन वा अन्य कानून अनुसार पनि कसूर हुनेमा सो सजायमा यस दफा बमोजिमको सजाय थप हुने व्यवस्था गरिएको छ।
- कुनै पनि प्रकारको यौन दुर्व्यवहार गर्नेलाई - तीन वर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ

  हदम्याद : माथी उल्लेखित हाडनातामा जर्वजस्ती करणी भएकोमा जहिलेसुकै र अन्य कसुरमा घटना घटेको मितिले एक वर्ष भित्र प्रहरीमा उजूरी दिनुपर्दछ।

  **क्षतिपूर्ति :** हाडनाता करणी गरेको बाहेक माथी उल्लेखित अन्य कसूरमा पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूति भराई दिनु पर्नेछ।

### ७) कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धि कानुनी व्यवस्था:

कार्यस्थलमा कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गर्न हुदैन, गरेमा कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ। कार्यस्थलमा यौन जन्य दुर्व्यवहार गरेमा अन्य कानुन बमोजिम सजाय हुने अवस्था रहेछ भने थप सजाय हुन्छ। कार्यस्थलको यौनजन्य हिंसाको उजूरी गर्ने अवधी घटना घटेको मितीले ९० दिन भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजूरी दिनुपर्छ। आफुलाई परेको हिंसाको बारेमा पिडित वा निजको तर्फबाट अन्य व्यक्तिले व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ। कार्यस्थल यौनहिंसा मुक्त राख्न कार्यालय प्रशासकले आवश्यक व्यवस्था गर्नुपर्ने कानुनी व्यवस्था छ।

**क्षतिपूर्ति :**

कार्यस्थलमा हुने यौनजन्य हिंसा गरेको कसूरमा पीडित व्यक्तिलाई निर्णय गर्ने अधिकारीले कसूरदारबाट मनासिब क्षतिपूति भराई दिनु पर्छ।

## ८) व्यक्तिगत गोपनीयता विरुद्धका कसूर

- अर्काको कुरा सुन्ने वा ध्वनी रेकर्ड गर्ने, अर्काको गोप्य कुरा प्रकट गर्ने, अनुमति विना कुनै व्यक्तिको तस्वीर खिच्ने वा तस्वीरको स्वरुप बिगार्ने कार्य गर्ने, एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्वीर बनाउने वा प्रकाशन गर्ने, अनुमति विना एकको तस्वीर अरुलाई दिने वा बिक्री गर्ने, अर्काको चिठ्ठी खोल्ने वा टेलिफोनमा गरेको कुरा सुन्ने कार्य गर्ने , विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्ने, छलकपटपूर्ण रुपले टेलिफोन वा सन्देश प्रवाह गर्ने, , कसैलाई हैरान पार्ने बदि्नयतले चिठ्ठी पत्र लेख्न, अरुको शरीर खानतलासी गर्न, अरुको आवासमा अनाधिकृत प्रवेश गर्न गराउन नहुने व्यवस्था गरिएको छ।
- यस्तो कार्य गरेगराएमा एक वर्ष देखि तीन वर्ष सम्म कैद सजाय तथा नगद जरिवानाको सजाय तथा पिडितलाई क्षतिपुर्ति समेत भराईदिने कानुनी व्यवस्था छ। यस्तो घटना घटेमा मर्कापर्ने व्यक्तिले कसुर गरेको मितिले तीनमहिना भित्र प्रहरीमा उजुर दिनुपर्नेछ।

### ९) घरेलु हिंसा : कसूर र सजाय सम्बन्धि व्यवस्था :

**घरेलु हिंसा** भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना

> **घरेलु सम्बन्ध** भन्नाले वंशज, बिबाह, वा धर्मपुत्री, धर्मपुत्र, एकअर्कासंगै बसेका जोडी, वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारका विचमा बसेका व्यक्तिहरुका विचमा भएको सम्बन्ध।

संझनुपर्दछ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाई समेत जनाउदछ ।

**घरेलु हिंसा अन्तर्गत गर्न नहुने कार्य :**

- शारिरिक यातना भन्नाले कुटपिट गर्ने, गैहकानूनी थुनामा राख्ने, शरिरमा चोट पुर्‍याउने वा अन्य यस्तैकार्य ।
- मानसिक यातना भन्नाले शारिरिक यातनाको डर, धाक, धम्की, त्रासपूर्ण व्यवहार, गालि गलौज, झुटा लान्छना,घरबाट निकाला, वा वैचारिक, धार्मिक, सांस्कृतिक, प्रथा आदिका आधारमा विभेद गर्ने व्यवहार समेत ।
- यौनजन्य यातना भन्नाले यौनजन्य प्रकृतीको दुर्व्यवहार, अपमान, हतोत्साह, आत्म सम्मानमा चोट पुरेयाउनेवा यौन स्वास्थ्यमा आघात पुग्ने कुनैपनि कार्य ।
- आर्थिक यातना भन्नाले सगोल वा निजी सम्पत्तीको प्रयोग, रोजगारी वा आर्थिक साधान श्रोतको पहुँच वा प्रयोगबाट बञ्चित गर्ने कार्य ।

घरेलु हिंसा भएमा जो सुकैले लिखित वा मौखिक रुपमा सम्बन्धित निकायमा उजूरी वा घटनाको जानकारी गराउन सक्छ ।

**उजूरी गर्ने निकायहरु :**

१) प्रहरी कार्यालय

२) राष्टिय महिला आयोग

३) स्थानिय तह

४) पिडितले चाहेमा सिधै अदालतमा उजुरी गर्न सकिन्छ ।

उजुरी सुन्ने निकायले पिडित र निजका आश्रित नाबालक समेतको संरक्षणको लागि आवश्यक अन्तरिम संरक्षणत्मक आदेश जारी गर्न सक्छ ।

- **सजायको व्यवस्था :**
  - ६ महिना कैद वा ३ हजार देखि २५ हजार रुपैया जरिवाना वा दुवै सजाय ।
  - घरेलु हिंसामा सहयोग गर्ने मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।
  - कसूर दोहोराएमा पटकैपिच्छे दोब्बर सजाय हुने
  - सार्वजानिक जवाफ देहीको पदमा बसेको व्यक्तिले घरेलुहिंसा गरेमा थप १० प्रतिशत ।
  - अदालतको आदेश पालना नगरेमा २ हजार देखि १५ हजार सम्म जरिवाना वा चार महिना कैद वा दुवैसजाय हुने
- **घरेलु हिंसा भएकोमा उजूरी गर्ने अवधी (हदम्याद)** : घरेलु हिंसा भए गरेको मितीले ९० दिन भित्र सम्बन्धित निकायमा उजूरी गर्नुपर्दछ ।
- **क्षतिपूर्ति तथा खर्च दिलाईदिने:**
  - मनासिव माफिकको क्षतिपूर्ति भराईदिनुपर्ने ।
  - पिडकले घरेलुहिंसाबाट पिडितको लागि उपचार गराउँदा लागेको समूर्ण खर्च भराईदिनुपर्ने ।

**अन्य कानुन बमोजिमको थप सजाय हुने** : घरेलु हिंसाका क्रममा यसमा लेखिएको कसुर बाहेक अन्य कसूर पनि भएको रहेछ भने अरु कानुन बमोजिमको थप सजाय हुन्छ ।

**सेवा केन्द्रमा राख्न सकिने** : सम्बन्धित निकायले घरेलु हिंसा पिडितलाई सेवा केन्द्रमा राख्न सकिने कानुनी व्यवस्था गरिएको छ । हाल नेपाल सरकारको १७ जिल्लामा घरेलु हिंसा पिडितलाई अल्पकालिन सेवा केन्द्रमा राख्ने व्यवस्था गरिएको छ ।

## १०) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि व्यवस्था :

- कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्नु गराउनु हुँदैन । मानव वेचविखन र मानव ओसार पसार गर्ने कार्य कानुन विपरितको जघन्य अपराध हो ।
- कसैले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने कार्य गरेमा **मानव बेचबिखन** गरेको मानिन्छ ।
- कसैले कसैलाई किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य गरेमा **मानव ओसारपसार** गरेको मानिन्छ ।

**विदेशमा बेचविखन भएको व्यक्ति अलपत्र परेमा उद्दार गरि** नेपाल झिकाई पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नुपर्ने कानुनी व्यवस्था छ ।

**मानव बेचबिखन तथा ओसारपसार गर्नेलाई दण्ड सजाय तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था :**

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रुपैयाँ जरिबाना,
- वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,
- मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना ।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई, -
  - विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना,
  - नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिबाना ।
- शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,
- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।
- मान्छे किन्ने वा बेच्ने र कुनै प्रकारको फाइदा नलिएपनि पनि वेश्यावृत्तिमा लगाउने कार्य गरेमा किने वा बेचे बापत र बेश्यावृत्तिमा लगाए वापत छुट्टाछुट्टै सजाय हुन्छ ।

- मानव वेचबिखन वा ओसारपसा भएमा पिडित स्वयं वा थाहा पाउने अन्य जो सुकैले जहिलेसुकै नजिकैको प्रहरीमा उजूर गर्न सक्छ । उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नु पर्नेछ ।

## ११) बोक्सा बोक्सीको आरोप सम्बन्धि व्यवस्था :

कसैले कुनै व्यक्तिलाइ बोक्सा वा बोक्सीको आरोप लगाउने,आरोपित व्यक्तिलाई क्रुर,अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई बोक्सिको आरोप भनिन्छ। बोक्सा बोक्सीको आरोप लगाउनु, सामाजिक बहिष्कार गर्नु, घर टोलबाट निकाला गर्नु, कुटपिट गर्ने, वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा अंगभंग गर्ने, बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने तथा यस्तो कुनै कार्य गर्न उद्योग गर्ने, कसैलाई उक्साउने, मद्दत गर्ने जस्ता कार्य गरेमा कानुन बमोजिम दण्डनिय हुन्छ ।

**उजूरी र पिडितको संरक्षण :**

- कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ । **उक्त** जाहेरी दरखास्त दिन ल्याएमा प्रहरी कार्यालयले तुरुन्तै दर्ता गर्नु पर्नेछ र चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।
- कुनै पीडित शारीरिक वा मानसिक रुपमा अशक्त भएको देखिएमा प्रहरी कार्यालयले निजलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगी तत्काल उपचार गराउनु पर्नेछ ।

**सजाय :**

- कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी कसूर गर्ने व्यक्तिलाई छ महिना कैद र पाँच हजार जरिवाना देखि आठ वर्षसम्म कैद र एकलाख रुपैया सम्म जरिवाना हुन्छ ।
- बोक्सीको आरोप सम्बन्धी कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।
- कसैले आफ्नो संरक्षण वा अभिभावकत्वमा रहेको व्यक्ति विरुद्ध बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा वा सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले बोक्सीको आरोप सम्बन्धी कसूर गरेमा त्यस्तो व्यक्तिलाई पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

**क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : मुद्दाको फैसला गर्दा पीडकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनेछ । अदालतबाट भएको आदेश बमोजिमको क्षतिपुर्ति रकम नेपाल सरकारले साठी दिन भित्र पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।